मन्त्रालयबाट स्वीकृत मिति २०७८।११।३०

## जनचेतनामूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०७८

**प्रस्तावना:** जनताको सूचना पाउने हकको सुनिश्चित गर्न जनतासम्म सूचना तथा समाचारहरु पुर्याउन सञ्चार माध्यमको दिगो विकासमा टेवा पुर्‍याउन प्रदेश सरकारले जनचेतनामूलक प्रचार सामाग्रीहरु उपलब्ध गराउने नीति लिई प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालयको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक बजेटमा समावेश भएको कार्यक्रम अन्तर्गत सञ्चार माध्यमहरुलाई जनचेतनामूलक प्रचार सामाग्री उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) को अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **कार्यविधिको नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "जनचेतनामूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०७८" रहने छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सञ्चार माध्यम" भन्नाले प्रदेश कानून बमोजिम नियमानुसार दर्ता भई नियमित रुपमा नवीकरण भई प्रसारणमा रहेका केबल टेलिभिजन, एफ.एम रेडियो र अनलाइन सञ्चार माध्यमलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालय सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(घ) "जनचेतनामूलक प्रचार सामाग्री" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालयले प्रसारण गर्न दिएको चेतनामूलक एवं सूचनामूलक सामाग्री सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ ।

३. **जनचेतनामूलक प्रचार सामाग्री निर्देशक समितिको गठन:** (१) सञ्चार माध्यमहरुसँग समन्वय गर्न र वर्गीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको प्रसारण निर्देशक समिति रहनेछः-

(क) सञ्चार रजिष्ट्रार -संयोजक

(ख) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ग) नेपाल पत्रकार महासंघ, प्रदेश समितिको प्रतिनिधि एक जना, एफ.एम. रेडियो र टेलिभिजनको प्रतिनिधि एक/एक गरी तीन जना -सदस्य

(घ) अधिकृत प्रशासन तथा प्रकाशन शाखा -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालयको काम प्रशासन तथा प्रकाशन शाखाले गर्नेछ ।

४. **जनचेतनामूलक प्रचार सामाग्री निर्देशक समितिका काम, कर्तव्य र अधिकार:** (१) जनचेतनामूलक प्रचार सामाग्री निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनचेतनामूलक प्रचार सामाग्रीको आवेदन मागको सूचना प्रकाशन तथा प्रसारण गर्न सिफारिस गर्ने,

(ख) सञ्चार माध्यमको वर्गिकरण सिफारिस गर्ने,

(ग) प्रसारण गरिने जनचेतनामूलक प्रचार सामाग्रीको छनौटको लागि पृष्ठपोषण प्रदान गर्ने, प्रसारण तालिका र समय निर्धारण गर्ने,

(घ) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका सञ्चार माध्यमहरुलाई जनचेतनामूलक प्रचार सामाग्री प्रसारणको अनुमति दिने,

(ङ) जनचेतनामूलक प्रचार सामाग्री प्रसारणको अनुगमन गर्ने,

(च) यस कार्यविधिको सञ्चार माध्यमको वर्गीकरण र विनियोजित बजेटलाई आधार मानी सञ्चार माध्यमलाई प्रदान गर्ने जनचेतनामूलक प्रचार सामग्री प्रसारण वापतको रकम निर्धारण गर्ने,

(छ) समितिले आवश्यक ठानेका अन्य कामहरु ।

५. <u>सूचना प्रकाशन गरिने:</u> (१) कार्यालयले जनचेतनामूलक प्रचार सामाग्री वितरणका लागि सञ्चार माध्यमको वर्गीकरण गर्न कम्तीमा तीस दिनको समयावधि दिई सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनामा उल्लिखित म्याद भित्र प्रसारण तथा प्रकाशन संस्थाहरुले जनचेतनामूलक प्रचार सामाग्री प्रसारणमा भाग लिन अनुसूची-१ बमोजिमको ढाँचामा फाराम भरी कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र निवेदन दिन छुटेका सञ्चार माध्यमले दर्ता शुल्कको पच्चीस प्रतिशत विलम्ब शुल्क बुझाई थप सात दिन म्याद भित्र दर्ता गर्न सक्नेछ ।

(४) वर्गीकरणमा भाग लिन पेश गर्ने फारम कार्यालयबाट प्राप्त गर्न सकिनेछ, साथै कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

६. <u>दर्ता शुल्क:</u> (१) यस कार्यविधि बमोजिम वर्गीकरणमा सहभागी हुने आमसञ्चार माध्यमले देहाय बमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछ:-

(क) टेलिभिजनको लागी एक हजार रुपैंया,

(ख) एफ.एम. रेडियोको लागि पाँच सय रुपैया,

(ग) अनलाइनको लागि पाँच सय रुपैंया ।

(२) प्रसारण संस्थाहरुले वर्गीकरणको फाराम दर्ता गराउन प्रदेश सरकारको राजस्व खातामा रकम जम्मा गरेको भौचर संलग्न गरी कार्यालयमा निवेदन दिन वा भौचर स्क्यान गरी कार्यालयको इमेल ठेगानाबाट पनि फर्म भरेर दर्ता गराउन सकिनेछ ।

७. <u>सञ्चार माध्यमहरुको वर्गिकरण:</u> (१) दफा ५ बमोजिम दर्ता भएका र दफा ८ बमोजिमका शर्त पूरा गरेका सञ्चार माध्यमहरुको समितिको सिफारिसमा कार्यालयले देहाय बमोजिम सञ्चार माध्यमको वर्गीकरण गर्नेछ:-

(क) एफ.एम. रेडियोको वर्गीकरण:-

(१) १०१ वाट देखि २५० वाटसम्म,

(२) २५१ वाट देखि ५०० वाटसम्म,

(३) ५०१ वाट देखि १००० वाट सम्म ।

(ख) केबल टेलिभिजन,

(ग) अनलाइन सञ्चार माध्यम,

(२) नियमित प्रसारणमा आएपछि मात्र कुनै पनि प्रसारण संस्था जनचेतनामूलक प्रचार सामाग्रीको लागि योग्य हुनेछ।

(३) स्थानीय भाषामा समाचार वा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने र प्रदेश सरकारमा दर्ता वा नविकरण भएका प्रसारण तथा प्रकाशन संस्थालाई प्राथमिकता दिईनेछ।

(४) सञ्चार माध्यमको प्राविधिक मूल्याङ्कनका लागि समितिले विशेषज्ञको सहयोग लिन सक्नेछ ।

८. **सञ्चार माध्यमहरुले पालना गर्नु पर्ने शर्तहरुः** सञ्चार माध्यमहरुले वर्गीकरणमा समावेश हुन तथा जनचेतनामूलक प्रचार सामाग्री प्राप्त गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

(क) प्रदेश कानून बमोजिम यस कार्यविधि लागु हुँदाको बखत दर्ता भएको,

(ख) नेपालको संविधान र प्रचलित कानूनहरुको पालना गरेको,

(ग) प्रचलित कानून बमोजिम हरेक वर्ष नविकरण भएको,

(घ) कर चुक्ताको प्रमाण पेश गरेको,

(ङ) लेखा परीक्षण प्रतिवेदन समावेश गरेको,

(च) श्रमजीवि पत्रकार सम्बन्धी ऐन र नियम पालना गरेको,

(छ) आचार संहिता पालना गरेको,

(ज) टेलिभिजन, एफ.एम रेडियोको हकमा विज्ञापनजन्य प्रचार सामाग्रीको समय कार्यक्रमको एक तिहाई भन्दा बढी नभएको ।

९. **जनचेतनामूलक प्रचार सामाग्रीको निर्माणः** (१) समितिको सिफारिसका आधारमा कार्यालयले जनचेतनामूलक प्रचार सामाग्रीको विषयवस्तू निर्धारण गर्नेछ ।

(२) जनचेतनामूलक प्रचार सामाग्रीको विषयवस्तु निर्धारण गर्दा सामाजिक साँस्कृतिक विविधतालाई सम्मान गरिनेछ ।

(३) प्रचार सामाग्री निर्माणमा एकरुपता कायम गरिनेछ।

(४) जनचेतनामूलक प्रचार सामाग्री निर्माण सम्बन्धी सबै कार्य कार्यालयले गर्नेछ ।

(५) जनचेतनामूलक प्रचार सामाग्री निर्माण सम्बन्धी माथि जेसुकै लेखिएको भएता पनि प्रदेश मन्त्रालयहरुले निर्माण गरी हस्तान्तरण गरेका प्रचार सामाग्री, कार्यालयले प्रसारण तथा प्रकाशन गर्न/गराउँन सक्नेछ ।

१०. <u>जनचेतनामूलक प्रचार सामाग्री प्रसारण तथा प्रकाशनको मिति, समय तथा आबृतीः-</u> (१) समितिको निर्णयानुसार प्रसारण तथा प्रकाशन संस्थाले जनचेतनामूलक प्रचार सामाग्रीको लागि विशेष प्राईम, प्राईम तथा साधारण समय छुट्याउनु पर्नेछ । अनलाईनको हकमा देखिने स्थानमा प्रचार सामाग्री राख्नु पर्नेछ ।

(२) कार्यालयले जनचेतनामूलक प्रचार सामग्री प्रसारण तथा प्रकाशन सम्बन्धी प्रदान गरेको निर्देशन सञ्चार माध्यमले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(३) समितिको सिफारिस अनुरुप वर्गिकृत भई सकेपछि त्यस्ता प्रसारण तथा प्रकाशन संस्थाहरुलाई समितिको निर्णय र निर्देशन बमोजिम कार्यालयले विज्ञापन प्रसारण तथा प्रकाशनको मिति, समय, स्थान र आबृति उपलब्ध गराउनु पर्नेछ ।

(४) कार्यालयले प्रसारण तथा प्रकाशन सम्बन्धी विवरण आफ्नो वेबसाइटमा सार्वजनिक गर्न सक्नेछ।

११. <u>प्रकाशन तथा प्रसारण निरीक्षण व्यवस्थाः</u>(१) तोकिए बमोजिम जनचेतनामूलक प्रचार सामाग्री प्रसारण तथा प्रकाशन भए नभएको सम्बन्धमा कार्यालय तथा समितिले अनुगमन तथा निरिक्षण गर्न सक्नेछ ।

(२) निरिक्षणको बखत मागेका कागजात देखाउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(३) कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले फारममा वास्तविकता भन्दा बढी उल्लेख गरेको निरिक्षण वा अनुगमनको क्रममा थाहा हुनगई प्रमाणित भएमा समितिले जनचेतनामूलक प्रचार सामाग्री सहयोग कम्तीमा २ वर्षका लागि स्थगित गर्नेछ ।

(४) दफा ८ को खण्ड (च) र (छ) बमोजिमको शर्त पालना नगर्ने सञ्चार माध्यमलाई जनचेतनामूलक प्रचार सामाग्रीको वर्गीकरणमा समावेश गरिने छैन ।

(५) गाली बेइज्जती सम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा एक वर्षसम्मका लागि जनचेतनामूलक प्रचार सामाग्री उपलब्ध गराइने छैन ।

(६) सञ्चार माध्यमले नियमानुसार तिर्नु पर्ने कर फछ्र्यौट नगरेमा त्यस्ता सञ्चार माध्यम, जनचेतनामूलक प्रचार सामाग्रीको लागि अयोग्य हुनेछ ।

१२. <u>बजेट बाँडफाँड प्रक्रियाः</u> (१) जनचेतनामूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा प्रशासनिक खर्च विद्युतीय सञ्चार माध्यमहरुका लागि विनियोजित बजेटबाट देहाय बमोजिम बाँडफाँड गरिनेछः-

(क) जनचेतनामूलक प्रचार सामाग्री निर्माण तथा प्रशासनिक खर्चका लागि १५ प्रतिशत,

(ख) जनचेतनामूलक प्रचार सामाग्री प्रसारणका लागि ८५ प्रतिशत ।

(२) उपदफा १ को खण्ड (ख) बमोजिम छुट्टाईएको रकमलाई शतप्रतिशत मानी समितिले सिफारिस गरेका सञ्चार माध्यमलाई देहाय बमोजिमको प्रतिशत रकम दामासाही रूपमा प्रदान गरिनेछः

(क) अनलाईन सञ्चार माध्यमको लागि ८ प्रतिशत,

(ख) २५० वाटको एफ. एम रेडियोको लागि ३ प्रतिशत,

(ग) ५०० वाटको एफ. एम. रेडियोको लागि ३० प्रतिशत,

(घ) १००० वाटको एफ. एम रेडियोको लागि १३ प्रतिशत,

(ङ) केबल टेलिभिजनको लागि ४६ प्रतिशत ।

(३) कार्यालयले जनचेतनामूलक प्रचार सामाग्री वापतको रकम प्रदान गर्दा एकै वर्गीकरणमा समावेश भएका सञ्चार माध्यमहरु लाई सम्मान रकम प्रदाब गर्ने छ ।

(४) कार्यालयले जनचेतनामूलक प्रचार सामाग्री वितरणको लागि सञ्चार माध्यमहरुको अभिलेख तयार गर्नेछ ।

१३. <u>रकम भुक्तानीः</u> यस कार्यविधी बमोजिम छनौट भएको सञ्चार माध्यमले रकम भुक्तानीको लागि जनचेतनामूलक प्रचार सामग्री प्रकाशन वा प्रसारण गरेको प्रमाणित विवरण सहित प्रकाशन वा प्रसारण सामग्रीको एक प्रति प्रमाण कार्यालयमा उपलव्ध गराए पश्चात् सम्बन्धित सञ्चार माध्यमको बैंक खातामा एकमुष्ट रकम भुक्तानी हुनेछ ।

अनुसूची-१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>जनचेतना मूलक प्रचार सामाग्रीको लागि आवेदन फाराम</u>

मितिः..............................

श्री सञ्चार रजिष्ट्रारको कार्यालय,

बागमती प्रदेश, हेटौंडा ।

<u>विषयः जनचेतना मूलक प्रचार सामाग्री माग सम्बन्धी</u> ।

१. इजाजत पत्र / प्रमाणपत्र नं.:

२. संस्थागत विवरणः

३. विद्युतिय सञ्चार माध्यमको ठेगानाः-

४. संस्था दर्ता नं.:-

५. स्थाई लेखा नं.:-

६. ई-मेल ठेगानाः

७. सम्पर्क नं.:

८. प्रसारण तथा प्रकाशनमा प्रयोग हुने कलसाइन/डोमेनः

९. फ्रिक्वेन्सीः

१०. प्रसारण क्षमता :

११. नियमित प्रसारण /प्रकाशन शुरु भएको मितिः

१२. प्रसारण/ प्रकाशनमा प्रयोग हुने भाषाः

१३. प्रसारणको समयावधिः

१४. प्रसारण/ प्रकाशन गरिने कार्यक्रमको प्रकृतिः

आवदेनसाथ संलग्न गर्नुपर्ने विवरणहरु

(क) संस्था दर्ता प्रमाण

(ख) संस्था अध्यावधिक प्रमाण

(ग) कर चुक्ता प्रमाण

(घ) प्रसारण तथा वितरण शुल्क बुझाएको प्रमाण

(ङ) श्रमजीवी पत्रकारलाई कानून बमोजिम पारिश्रमिक दिएको प्रमाण

(च) नियमित प्रसारणमा गएको प्रमाण

(छ) नवीकरण भएको प्रमाण

जनचेतना मूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा वितरण सम्बन्धी कार्यविधि, २०७८ मा उल्लिखित सम्पूर्ण शर्तहरु अक्षरंस पालना गर्ने/गरेको छु ।

संस्थाको छाप